# बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगर उपप्रमुख नन्दा कुमारी थापाबाट नगर सभा समक्ष प्रस्तुत गर्नु भएको



# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

बडीमालिका नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मार्तडी बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

**बडीमालिका नगरपालिका बडीमालिका नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य**

आदरणीय सभा अध्यक्ष महोदय,

यस नगरपालिकाको सत्रौं नगरसभाका सभाध्यक्ष एवं नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाका सदस्यज्यूहरू,

आज हामी सत्रौं नगरसभामा बडीमालिका नगरपालिकाको विकास, समृद्धि र सुशासन दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ । बडीमालिका नगरपालिकाको बजेट एवम कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानीत नगरसभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गरिरहँदा गौरबको महशुस गरिरहेको छु ।

नेपालका बीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ। यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्ज्वल भविष्यको लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु ।

हामी जनताका आधारभूत तहका समस्या समाधानका लागि जनप्रतिनिधीको रूपमा उपस्थित भएका छौ र सम्बोधन गर्ने प्रयास पनि गरिरहेका छौ । राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै प्रचलित कानुनमार्फत सेवा प्रबाहलाई प्रभावकारी र सुशासनयुक्त प्रविधीमैत्री बनाउन प्रतिबद्ध छौ ।

स्थानीय तहका अधिकार क्षेत्र भनि संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केही कानुन र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं ।

बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नगरसभाले पारिरत नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, बस्तीबस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरू लगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तय गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**आ.ब.२०८२।०८३ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यस प्रकार रहेका छन्**

१- क्रमागत र अधुरा योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,

२- निर्माणाधिन वडा कार्यालय भवन २, ५ र ६ लाई क्रमागत रुपमा अगाडि बढाउदै बाकि वडाहरुका लागि आवश्यक आवश्यक ठेक्का प्रकिया अगाडी बढाउने,

३- प्रविधिमैत्री बडीमालिकाको संस्थागत विकास एवं दिगो संचालन गर्ने,

४- रैथाने बालीको संरक्षण गर्ने तथा पशुपंक्षी र कृषिजन्य बस्तुको उत्पादकत्व वृद्धि गर्ने,

५- बडीमालिका नगरपालिकाको पहिचाहन स्थापित हुने खालका तथा गौरबका आयोजनाहरूलाई संघ र प्रदेश सरकारसँग सहकार्यमा संचालन गर्ने,

६- नगर उपप्रमुख सँग छात्रा छात्रबृत्ति कार्यक्रमलाई विस्तार गर्दै छात्रा छात्र दुबैलाई समेटिने गरी कार्यक्रम कार्यान्वयन गर्ने,

७- नगरपालिकाका सवै वडाहरूमा सडक पहुँचलाई अधिकाशं महिनाहरूमा संचालनको लागि आफ्नै स्वामित्वमा संचालन हुने गरी व्याक हो लोडर (डोजर) परिचालित गरि संचालन गर्ने,

८- पर्यटन पूर्वाधारको विकास र प्रबर्धन गर्ने,

९- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,

१०- सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रबाहको लागि प्रविधीबाट सेवा प्रबाह गर्ने,

११- दिगो विकासका लक्ष्य, नगरपालिकाको आवधिक योजना तथा प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तीका लागि आवश्यक कार्य गर्ने,

१२- सार्वजनिक खर्चमा मितव्ययीयता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका स्रोतहरूको परिचालन गरी करका दायरा बढाउने ।

१३ नगर आवास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**आ.ब.२०८२।०८३ को बजेटका प्राथमिकताका आधारहरू यस प्रकार रहेका छन्**

१- आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।

२- उत्पादकत्व तथा छिटो प्रतिफल दिने र राजश्व परिचालनमा योदान पुऱ्याउने ।

३- स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने ।

४- दिगो विकासका लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने ।

५- लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने ।

६- सेवा प्रबाह,संस्थागत विकास र सुशासन एवं प्रविधिको प्रयोगमा योगदान पुर्याउने ।

७- जिवीकोपार्जनमा टेवा पुऱ्याउने ।

**अब म गत आ.ब. २०८०।०८१ को यथार्थ आय-व्यय, चालु आ.ब. २०८१।०८२ को संशोधित आय-व्यय र आ.ब.२०८२।०८३ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहान्छु ।**

आ.ब.२०८०।८१ मा प्रस्तावित आयको लक्ष्य ४७ करोड ९६ लाख ३९ हजार ९ सय ८० रुपैया राखिएकोमा ३९ करोड ८० लाख २१ हजार १ सय ६६ रुपैया २८ पैसा संकलन भएको छ ।

व्यय तर्फ चालु खर्चमा रू ३१ करोड ५८ लाख २८ हजार ४ सय ८० रूपैया, पूँजीगत तर्फ १६ करोड ३८ लाख ११ हजार ५ सय अनुमान गरिएकोमा क्रमशः चालु तर्फ २७ करोड ०९ लाख २४ हजार २ सय ३५ रूपैया ११ पैसा र पूँजीगत तर्फ ११ करोड १७ लाख ८६ लाख ५ सय १३ रूपैया १४ पैसा खर्च भएको छ।

चालु आ.ब.२०८१।०८२ को प्रस्तावित आयको लक्ष्य ४९ करोड २३ लाख २६ हजार ५ सय ५२ रूपैया राखिएकोमा जेष्ठ मसान्तसम्म राजश्व संकलन रू ३८ करोड २१ लाख ९२ हजार २ सय १८ रूपैया ९६ पैसा मात्र हुने संकलन भएको छ। यो रकम कुल लक्ष्यको ४४.७४ प्रतिशत रहको छ। व्यय तर्फ चालु खर्चमा रू ३५ करोड ९६ हजार ५ सय ५२ रूपैया र पूँजीगत तर्फ १४ करोड २२ लाख ३० हजार रूपैया अनुमान गरिएको मा क्रमशः चालु तर्फ रू २३ करोड ६९ लाख

८१ हजार २ सय ७० रूपैया र पूँजीगत तर्फ ४ करोड ४२ लाख ५६ हजार ६ सय ८८ रुपैया ७२ पैसा खर्च भएको छ।

आदरणीय सभाध्यक्षज्यू,

आ.ब.२०८२।०८३ मा बडीमालिका नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**१- आन्तरिक राजश्वबाट रू ५ करोड ३२ लाख ७७ हजार ८० रुपैया**

**२- संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम**

सर्शत अनुदान चालु तर्फ रू १६ करोड ५३ लाख

सर्शत अनुदान पूँजीगत तर्फ रू ५० लाख

वित्तीय समानीकरण अनुदान तर्फ रू ११ करोड ३ लाख

समपुरक अनुदान तर्फ रू १ करोड

विशेष अनुदान तर्फ रू १ करोड ६३ लाख

जम्मा रू  ३० करोड ६९ लाख रुपैया

**३ सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम**

वित्तीय समानीकरण अनुदान तर्फ रू १ करोड २ लाख  १७ हजार

समपुरक अनुदान तर्फ रू २ करोड ८ लाख

विशेष अनुदान तर्फ रू ५० लाख

जम्मा रू  ३ करोड ६० लाख १७ हजार

**४ बाँडफाँडबाट प्राप्त हुने राजश्व रकम**

संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रू १० करोड ४० लाख ९ हजार २ सय २०

सुदूरपश्चिम प्रदेश राजश्व वाँडफाँडबाट प्राप्त हुने रू ३० लाख १५ हजार

जम्मा रू १० करोड ७० लाख २४ हजार २ सय २०

**५ संचित कोषमा मौज्दात हुने अनुमान रू १ करोड ५० लाख**

**कुल जम्मा आय रू ५१ करोड ८२ लाख १८ हजार ३ सय हुने लक्ष्य प्रस्ताव गरेको छु ।**

**आदरणीय सभाध्यक्षज्यू,**

अब म आ.ब.२०८२।०८३ को विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु ।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १७ करोड ३ लाख, विशेष अनुदान १ करोड ६३ लाख, समपुरक अनुदान १करोड, सुदूरपश्चिम सरकारको तर्फबाट समपुरक अनुदान २ करोड ८ लाख ९४ हजार र विशेष अनुदान ५० लाखलाई तोकिएको कार्यविधि अनुरूप नै खर्च हुने गरी यस बजेटमा समाबेश गरिएको छ।

**तपशिल**

१. आर्थिक विकास तर्फ रू २ करोड १५ लाख ९४ हजार

२. सामाजिक विकास तर्फ रू १९ करोड १४ लाख ८२ हजार

३. पूर्वाधार विकास तर्फ रू १३ करोड ७८ लाख १० हजार ५ सय ६०

४. सुशासन तथा अन्तरसम्बन्धित सेवा प्रबाह तर्फ रू १ करोड १५ लाख ९ हजार ३ सय ९०

५. कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ रू १५ करोड ५८ लाख २२ हजार ३ सय ५०

**आदरणीय सभाध्यक्षज्यू,**

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेस गर्न चाहान्छु।

आ.ब.२०८२।०८३ को कुल बिनियोजन रकम रू ५१ करोड ८२ लाख १८ हजार ३ सय मध्ये चालु तर्फ ३४ करोड १५ लाख १ हजार ३ सय रूपैया (६५.९०प्रतिशत) र पूँजीगत खर्च तर्फ रू १७ करोड ६७ लाख १७ हजार रूपैया (३४.१० प्रतिशत) विनियोजन गरिएको छ।

बडीमालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि १ लाख ३० हजारका दरले ११ लाख ७० हजार र पूँजीगत तर्फ न्यूनतम अनुदान तर्फ १ करोड २५ लाखलाई प्रति वडा न्यूनतम १३ लाख ८८ हजारका दरले र सुत्रमा आधारित अनुदानमा ७५ लाख रकमलाई विभिन्न सूचाङ्कका आधार सहित चालु र पूँजीगत कम्तिमा १९ लाख ५ हजार र अधिकतम ३१ लाख २१ हजार बजेट बिनियोजन गरेको छु ।

**आर्थिक विकास समिति तर्फ :**

विनियोजित रकम — २१ करोड ५९ लाख ४ हजार

**कृषि तर्फ :**

रैथानेबाली प्रर्वर्द्धन एवं संरक्षण, एक वडा एक उत्पादन, कृषि औजार सहयोग अनुदान, कृषि उपज ढुवानी अनुदान, कृषि हाटबजार व्यवस्थापन, आगन्तुकलाई स्थानीय उत्पादन कोशेली उपहार कार्यक्रम, फलफुलका विरूवा रोपण, हलिया, भूमिहन, दलित, अव्यवस्थित वसोबासीहरूका लागि आवश्यक कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु । यस्ता कृयाकलापहरूका लागि १ करोड ५९ लाख २५ हजार बजेटको व्यवस्था गरेको छु ।

**उद्योग तर्फः**

नगर प्रमुखसँग कृषि उद्यम कार्यक्रम अन्तर्गत कोदोको विस्कुट, कुकिज निर्माण गर्ने उद्योग संचालनका लागि १० लाख बजेट बिनियोजन गरेको छु । लघु उद्यम सृजना तथा विकास विस्तार सहित व्यवसाय सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु । उद्योग तर्फ कुल १९ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

**पर्यटन तर्फ**

विरेखोला झरना संरक्षण एवं व्यवस्थापन, बडीमालिका पर्यटन विकास समितिको स्थापना, पर्यटकलाई पिकिनिक स्पोट जस्ता पर्यटकीय क्षेत्र व्यवस्थापनका लागि ८ लाख ३ हजार बजेट विनियोजन गरेको छु ।

**वित्तिय क्षेत्र एवं सहकारी तर्फ**

सहकारी संस्थाको क्षमता विकास, कर सचेतना तथा करदाता सम्मान कार्यक्रम, सहकारी प्रवर्द्धन, कोपोमिस संचालन जस्ता कृयाकलापहरूका लागि ४ लाख बजेट विनियोजन गरेको छु ।

**सिचाई तर्फ**

साना सिचाई मर्मत सुधार तर्फ टोड्के नगाने रापक सिचाई कुलो निर्माणका लागि ५० लाख सहित अन्य विभिन्न सिचाई कुलो निर्माण एवं मर्मत सुधारका लागि जम्मा ७७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**पशुपन्छी तर्फ**

पशु शिबिर, पशु औषधी खरिद, आधुनिक बंगुर बदशाला निर्माण, बाख्राका खोर निर्माण सुधार, बाख्र प्रवर्द्धन, कृतिम गर्भाधान, गोठसुधार कार्यक्रम कालिज फर्म व्यस्थापन जस्ता कार्यक्रमका लागि ९ लाख २० हजार बजेट बिनियोजन गरेको छु ।

**भुमि व्यवस्थाः**

भुमिहिन दलित, भुमिहिन सुकुमबासि , अव्यवस्थित बसोवास र हलिया परिचय पत्र व्यस्थापनका लागि ३ लाख ४६ हजार बजेट बिनियोजन गरेको छु

**सामाजिक विकास समिति तर्फ :**

विनियोजन — १९ करोड १४ लाख ८२ हजार

**शिक्षा तर्फः**

पढ्दै सिम्दै कमाउदै कार्यक्रमका लागि २ लाख, बडीमालिका नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरुको फर्निचर स्मार्टबोर्ड र घेरबार पर्खाल निर्माणका लागि १ करोड ६३ लाख, सामुदायिक विद्यालय भवन निर्माणका लागि १ करोड, सत्यबादी माविको आवासिय विद्यालय सञ्चालनका लागि ६ लाख, विद्यालय व्यवस्थापन, छात्राहरूको लागि स्यानेटरी प्याड वितरण, अधुरा विद्यालयको भवन नगर शिक्षा योजना, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षक बैंक व्यवस्थापन गर्ने र परीक्षा व्यवस्थापन जस्ता कृयाकलापहरूका लागि १३ करोड ११ लाख ४५ हजार रकम विनियोजन गरेको छु ।

**स्वास्थ्य तर्फः**

पालिकामा रहेको १० शैया अस्पताल व्यवस्थापन, विभिन्न रोग निधानका लागि स्वास्थ शिविर सञ्चालन कार्यक्रम, टयाली मेडिसिन, औषधी खरिद, विपन्न नागरिक उपचार सहायता, नगरबासीको एकीकृत स्वास्थ्य सूचना मार्फत रिफरल केन्द्र स्थापना जस्ता कार्यक्रमहरूका लागि २ करोड ९७ लाख ४२ हजार रकम विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई तर्फः**

गौमुलदर्ना पिनालेक खानेपानी निर्माणका लागि २५ लाख, सिमसेला खानेपानी, गैरीबजार खानेपानी, आरुपाटा खानेपानी लगायतका आयोजनाहरूका लागि ६१ लाख ४० हजार बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं संरक्षण तर्फ**

नगर उपप्रमुखसंग छात्रवृत्ति कार्यक्रमका लागि १० लाख, बाल संरक्षण कोषको लागि २ लाख, लैङ्गिक हिंसा निवारण कोषका लागि रु २ लाख, अपाङ्गता भएका व्यक्तिको जीपविकोपार्जन तथा आयआर्जनका लागि १ लाख लगायत महिला, बालबालिका, दलित, जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक हिन्सा न्यूनिकरण सहितका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । सुरक्षित आवास गृह तथा अन्य संघसंस्थासँग साझेदारी, पोषण कार्यक्रम, रोजगारी सृजना, पत्रकार क्षमता विकास एवं सम्मान कार्यक्रम, शैक्षिक आमा समुह परिचालन जस्ता कार्यक्रहरूका लागि ५१ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५० वर्ष उमेर पुरा भएका एकल पुरुष, ४५ वर्ष पुरा भएका अविबाहित एकल महिला र ग वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा भत्ता कार्यक्रम र छाउपडी जन्य हिंसा अन्त्यका लागि सरोकारवाला निकाय र धामी पुरोहितसँग अभिमुखिकरण सचेतना अभियानलाई निरन्तरता दिएको छु ।

**युवा तथा खेलकुद भाषा सँस्कृति तर्फ**

राष्ट्रपति रनिङ सिल्डका लागि ३० लाख, विभिन्न खेलको माध्यमबाट युवाहरूलाई अनुशासित स्वस्थ्य बनाउने तथा स्थानीय भाषा सँस्कृतिको संरक्षण सम्वर्द्धन जस्ता कृयाकलापहरूका लागि ४२ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकास तर्फ :

विनियोजन — १३ करोड ७८ लाख १० हजार ५ सय ६०

**यातायात पूर्वाधार तर्फ**

मार्तडी बजार क्षेत्रका ढल निकास व्यवस्थापनका लागि ४० लाख, नुवाकोट ढल निकासका लागि ५ लाख, बडीमालिका पालिका भित्रको विभिन्न स्थानमा नयाँ सडक कटिङका लागि ४५ लाख, संघ र प्रदेश समपुरक योजनाको लागि साझेदारी तर्फ २ करोड, नगरस्तरीय मर्मत कोष तर्फ ५० लाख, भुक्तानी दिन बाँकी योजनाको दायित्वको लागि ३ करोड ७५ लाख, सहित वडा स्तरीय र पालिका स्तरिय जस्ता योजनाहरूका लागि २ करोड ८३ लाख ९० हजार विनियोजन गरेको छु ।

**भवन तथा शहरी विकास तर्फ**

अधुरा शहरी स्वास्थ्य केन्द्रका भवन निर्माण तर्फ १२ लाख, वडा कार्यालय भवन निर्माण तर्फ ८० लाख, नगर आवास कार्यक्रमका लागि ५० लाख, लगायत ४८ लाख ६० हजार बजेट बिनियोजन गरेको छु ।

**उर्जा तर्फ**

नविकरणीय उर्जाको माध्यमबाट साझेदारी गरी स्मार्टलाईट र सिसिटिभी जडान कार्यका लागि ३५ लाख बजेट विनियोजन गरेको छु ।

## वन वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन अन्तर सम्बन्धित क्षेत्र तर्फ

विनियोजन — १ करोड १५ लाख ९ हजार ३ सय ९०

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

नगर स्तरीय विपद व्यवस्थापन तर्फ ३० लाख, नगरपालिक मातहतका कार्यालयमा ई हाजिरी जडान गर्न ८ लाख, वडा स्तरीय विपद व्यवस्थापन कोष, विभिन्न विकास साझेदारहरूसँगको साझेदारी ७४ लाख ५० हजार विनियोजन गरेको छु ।

## कार्यालय संचालन तथा प्रशासनीक तर्फ :

प्रविधीमैत्री बडीमालिकाको संस्थागत विकास र संचालनको लागि १९ लाख २० हजार, न्यायीक तथा कानूनी सचेतना कार्यक्रम सञ्चालनका लागि १२ लाख, सहित सबै वडा कार्यालय, स्वास्थ्य संस्था, नगरपालिकाका विभिन्न शाखा उपशाखा संचालनको लागि १२ लाख, सार्वजनिक सुनुवाई, चौमासिक समिक्षा, उपभोक्ता समितिलाई तालिम, पत्रपत्रीका जस्ता कृयाकलापहरूका लागि १५ करोड ५८ लाख २२ हजार ३ सय ५० बजेट विनियोजन गरेको छु ।

आदरणीय सभाध्यक्षज्यू,

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा लिएको छु । प्रस्तावित कार्यक्रमबाट नगरपालिकाले प्रदान गर्ने सेवाप्रबाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु ।

प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

आदरणीय सभाध्यक्षज्यू,

बडीमालिका नगरपालिकाको गरिमामय यस सत्रौ नगरसभाको बजेट निर्माण गर्न अरात्र खटिनुहुने नगरसभा सदस्यहरू, विषयगत समिति, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी मित्रहरू, बडीमालिका नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण बडीमालिका नगरपालिकाको शुभचिन्तकहरूमा धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई नगरको समृद्धि र नगरबासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु ।

"समृद्ध नगर,खुशी नगरबासीको आधार, शिक्षा स्वास्थ्यमा सुधार पर्यटन प्रवद्धन, प्राकृतिक स्रोत तथा कृषि जन्य उत्पादनको व्यापार "

धन्यवाद ।

नन्दाकुमारी थापा
नगर उपप्रमुख
बडीमालिका नगरपालिका
मार्तडी, बाजुरा ।